मिति १२ अप्रिल २०१९

तिर्थराज वाग्ले

मिनिस्टर

चार्ज दे अफेएर्स

जेनेभामा अवस्थित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्र संघीय तथा अन्य अन्तरर्राष्ट्रिय संस्थाहरुको स्थायी नियोग,

फ्याक्स : +४१ २२ ७३३ २७ २२

इमेल : mission.nepal@bluewin.ch

बाट : बीएट्रीज बाल्बिन

प्रमुख

विषेश प्रकृया कार्यविधी शाखा

ओएचसिएचआर

फ्याक्स : +४१ २२ ९१७ ९००८

टेलिफोन : +४१ २२ ९१७ ९००८ / +४१ २२ ९१७ ९७३८

इमेल : registry@ohchr.org

च.न. OL NPL १/२०१९

पृष्ठ : ११ (यो पृष्ठ सहीत)

विषय : **विशेष प्रकियाको तर्फबाट संयुक्त पत्र**

जबर्जस्ती बेपत्तासम्बन्धी कार्यसमूह, गैर न्यायिक हत्या सम्बन्धी विशेष प्रतिवेदक; यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्डसम्बन्धी विशेष प्रतिवेदक; सत्य, न्याय, परिपूरण र

फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदक  र महिला विरूद्धको हिंसा, यसका कारण र परिणाम सम्बन्धी विशेष प्रतिवेदकका तर्फबाट संयुक्त पत्र यसै साथ संलग्न छ ।

हजुरले यो पत्र यथाशिघ्र महामहिम प्रदीप कुमार ज्ञवाली समक्ष पेश गरिदिनुभएमा म यहाँ प्रति आभारी रहने छु।

**जबर्जस्ती बेपत्तासम्बन्धी कार्यसमूह, गैर न्यायिक हत्या सम्बन्धी विशेष प्रतिवेदक , यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड सम्बन्धी विशेष प्रतिवेदक , सत्य, न्याय, परिपूरण र फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदक र महिला विरूद्धको हिंसा, यसका कारण र परिणाम सम्बन्धी विशेष प्रतिवेदक को क्षमता अनुरुप**

च.नं. OL NPL १/२०१९

१२ अप्रिल २०१९

महामहिम,

मानव अधिकार परिषद्को संकल्प प्रस्ताव ३६र३, ३५र१५, ३५र१९, ३६र७ र ३२र१९ अन्तर्गत जबर्जस्ती बेपत्तासम्बन्धी कार्यसमूह, गैर न्यायिक हत्या सम्बन्धी विशेष प्रतिवेदक , यातना तथा अन्य कसूर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड सम्बन्धी विशेष प्रतिवेदक , सत्य, न्याय, परिपूरण र फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदक र महिला विरूद्धको हिंसा, यसका कारण र परिणाम सम्बन्धी विशेष प्रतिवेदक को क्षमतामा हामीले यहांलाई सम्बोधन गर्ने सम्मान प्राप्त गरेका छौं ।

यस सम्बन्धमा हामीले यहाँको देशमा सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्यहरुको नियुक्तिको मौजूदा प्रकृयामा निष्पक्षता, स्वतन्त्रता र पारदर्शिताको कमी भएको र यसले अप्रिल २०१९ मा हुने सदस्यहरुको चयनमा प्रभाव पार्ने, दुवै आयोगद्वारा गरिएको काममा प्रगती नभएको र बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (२०१४) को सम्भावित संशोधनका बिषयमा जानकारी प्राप्त गरेकोमा यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं । हामी यहाँलाई विशेष प्रकृयाहरुद्वारा सदस्यहरूको नियुक्तिमा भएका कमी कमजोरीहरुका बारेमा यस अघि गरिएको संचारको सम्झना पनि गराउन चाहन्छौं। विशेषत: २२ अक्टोबरको AL NPL ६/२०१२को स्मरण गराउन चाहन्छौं जसमा २०१३ को प्रस्तावित, पछी पारीत, बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ का प्रावधानहरु अन्तरराष्ट्रिय मुल्य मान्यताका विपरित हुने प्रति चिन्ता गरिएको थियो र

संक्रमणकालिन निकायहरु यी अन्तरर्राष्ट्रिय मुल्य मान्यता अनुरूप गराउनका लागि नेपाल सरकारलाई आह्वान गरिएको थियो। साथै, सरकारलाई बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को विभिन्न प्रावधानहरु संशोधन गरी अन्तरर्राष्ट्रिय मापदन्ड अनुरूप बनाउनु पर्ने, विशेषत: मानव अधिकार उल्लंघन र अन्तरर्राष्ट्रिय मानवीय कानुनको गम्भिर उल्लंघनका दोषीहरुलाई आममाफिको सिफारिश गर्ने सत्य निरूपण आयोगको योग्यता र आयोगका सदस्यहरुको नियुक्तीको अपरिभाषित प्रकृयाका सम्बन्धमा ३ जुलाई २०१४को JAL NPL २/२०१७ पनि स्मरण गराउन चाहन्छौं। थप, हामी  २७ जुलाई २०१७को OL NPL  ४/२०१७ पनि स्मरण गराउन चाहन्छौँ जसमा बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का कमी कमजोरीहरु र सत्य निरूपण आयोग र बेपत्ता  पारिएका ब्यक्तिको छानविन आयोगको कार्य प्रगतिमा रहेको कमी प्रति चिन्ता व्यक्त गरिएको थियो। सो पत्रमा पीडित तथा साक्षीहरुको सहभागिता र सुरक्षा बढाउने कुरा, अदालतका  संक्रमणकालिन न्यायसंग सम्बन्धित फैसलाहरुको कार्यन्वयन र द्वन्दकालिन मुद्दाहरुका छिटो र प्रभावकारी रूपमा टुंगो लगाउनु पर्ने कुरा व्यक्त गरिएको थियो। ।

हामी यहाँको सरकारले १२ डिसेम्बर २०१४को पत्रको जवाफ दिएकोमा धन्यवाद दिंदै बाँकी पत्रहरुको पनि जवाफ दिनुहुन प्रोत्साहित गर्दछौं। हामी हाम्रा चिन्ताहरु दोहोर्याउँदै बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको कार्यन्वयनसंग सम्बन्धित सापेक्षिक घटनाहरु र दुवै आयोगका कार्य सम्बन्धी थप टिप्पणी प्रस्तुत गर्दछौं।

नयाँ प्राप्त सुचना अनुसारः

सन् २०१४ मा बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन अन्तर्गत स्थापना भईसकेपछी  सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले ६३,००० उजुरीहरु दर्ता गरेको छ तर ती मध्ये कुनै पनि मुद्दाको टुङो लगाउन सकेको छैन। यी सदस्यहरुले उजुरी दर्ता गर्ने बाहेक सत्य कथनको लागि पहल, आयोगहरुमा दर्ता गरिएका मुद्दाहरुको अनुसन्धान, मानव अधिकार उल्लङ्घनका घटनाहरुको प्रकृति र ढाँचाको अध्ययन, महिला तथा बालबालिका विरुद्धको बलात्कार तथा यौनजन्य हिंसा सहित अन्य मानव अधिकारका गम्भिर

प्रकृतिका उल्लङ्घनका अपराधीको पहिचान, पीडितहरुको पुर्नस्थापनाको सिफारिस र संस्थागत सुधार तथा भेटिङ लगायतका महत्वपूर्ण कार्य गर्न असफल छन् ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्य प्रगती र स्वतन्त्रता र विश्वसनियताको अभावका कारण व्यापक रूपमा आलोचना भएको छ । बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन अन्तर्गत सत्य निरुपण तथा मेलमिलाप आयोगको गम्भिर प्रकृतिका मानव अधिकार उल्लङ्घन र जघन्य मानवीय कानुनका उल्लङ्घनमा आममाफी सिफारिश गर्न पाउने र पीडितको अनुरोध बिनै मेलमिलाप गराउन पाउने अधिकार प्रति यस पत्रमा सहित चिन्ता व्यक्त गरिएको छ । बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा भएका अपराधको परिभाषामा अन्तरर्राष्ट्रिय कानुनका अनुसरण नभएको पनि चिन्ताको बिषय थियो ।

आयोगहरु पहिले २ वर्षका लागि गठन भएका थिए पछी २०१७ मा तिनका म्याद १ वर्षका लागि थप गरेको थियो । २०१८ मा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको म्याद सकिंदा ऐनलाई अन्तरर्राष्ट्रिय मान्यता अन्तर्गत ल्याई संशोधन गर्ने अवसर हुन सक्ने आशा गरिएको थियो । यद्धपी, ६ जनवरी २०१८ मा सरकारले कुनै संशोधन बिनै अध्यादेश जारी गरी दुवै आयोगको म्याद अर्को १ वर्षले थप्यो । सरकारको यस कदमलाई संक्रमणकालिन न्यायको माध्यमबाट अर्थपूर्ण मेलमिलाप गर्ने कार्यमा एक झट्काको रूपमा लिइयो र यसले पीडितहरुको विभिन्न उल्लङ्घन विरूद्ध न्याय प्राप्त गर्ने आशामा चोट पुर्यायो ।

३ फेब्रुअरी २०१९ मा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको म्याद २०२१ सम्म थपिने सम्भब्यता सहित, पुन: १ वर्षको लागि थपियो। यसरी म्याद थप गर्दा ऐनमा कुनै ठोस संशोधन गरिएन । यसको एकमात्र अपवादका रूपमा सदस्यहरुले कति समयसम्म कार्यालयमा रहन पाउने भन्ने प्रावधान रह्यो। यस संशोधित प्रावधानले सदस्यहरुको कार्यकाल १३ अप्रिल २०१९ सम्म रहने लागू गरी सरकारले नयाँ सदस्यहरुको नियुक्ति गर्न सक्ने बनायो ।

२६ मार्च २०१९ को मानव अधिकार परिषदको सम्बोधनमा परराष्ट्र मन्त्रीले सरकारले आयोगहरु सम्बन्धी कानुनमा संशोधन गरी 'शान्ती सम्झौताको मर्म, सर्वोच्च अदालतको निर्देशन, पीडितहरुका माग र वास्तविक्तालाई ध्यानमा राखी' संक्रमणकालिन न्यायको प्रकृया अघी बढाउने आशय व्यक्त गर्नु भएको थियो । उहाँले गम्भिर प्रकृतिका मानव अधिकार उल्लङ्घनका मुद्दाहरुमा आममाफी नहुने कुरा पनि उल्लेख गर्नुभएको थियो ।

२५ मार्च २०१९मा सरकारले नयाँ सदस्यहरु छान्ने काम अघि बढाउन सिफारिश समिती गठन गर्यो।

नागरिक समाजले २०१५ मा अस्विकार गरेको नयाँ सदस्यहरुको नियुक्ती प्रकृयामा निष्पक्षता र पारदर्शिता नहुने आशंका व्यक्त गरेका थिए । बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले सदस्यहरुको नियुक्ती गर्न ५ सदसिय सिफारिश समितिको प्रावधान गरेको छ जसमध्य ४ सदस्यको नियुक्ती सरकारले गर्नेछ, जसले गर्दा आयोगमा सरकारको व्यापक प्रभाव रहनेछ। सिफारिस समितिका सदस्यहरुको नियुक्तिको प्रावधान अहिलेको ऐनले गर्दैन। चयन प्रकृयामा हुने कमजोरीका कारण २०१५ मा आयोगका सदस्यहरुको सुरुवाती नियुक्तीका बेला थुप्रै राष्ट्रिय तथा माथि उल्लेखित सहितका अन्तरराष्ट्रिय निकायहरुले निष्पक्षता, स्वतन्त्रता र पारदर्शिताको कुनै ग्यारेन्टी नभएको प्रति आशंका व्यक्त गरेका थिए।

नागरिक समाज संलग्न संस्थाहरुले सरकारले संक्रमणकालिन न्यायको प्रकृया अगाडि बढाउन सदस्यहरुको नियुक्ती सँगै सरोकारवालाहरुसंग व्यापक छलफल गरी बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा ठोस संशोधन गर्नुपर्ने कुरा जोडदार रूपमा उठाएका छन् ।

रिपोर्टले संक्रमणकालिन न्यायको प्रकृयाको विभिन्न पाटोसंगै सदस्यहरुको नियुक्ती र सदस्यहरुको कार्यक्षेत्रका सम्बन्धमा पीडितहरु र नागरिक समाज संलग्न संस्थाहरुसंग व्यापक र सार्थक परमर्शको कमी देखाउँछ।

यी आरोपहरुका कारण हामी कुनै पुर्वाग्रह राख्न चाहदैनौं, हामी अप्रिल २०१९मा हुने नयाँ सदस्यहरुको चयनमा असर पार्न सक्ने सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्यहरुको नियुक्ती प्रकृयामा निष्पक्षता, स्वतन्त्रता र पारदर्शिताको अभावप्रती हाम्रो चिन्ता पुनस्मरण गराउन चहान्छौ। यसका अतिरिक्त, २०१४ देखी दुवै आयोगका कार्य प्रगतिको अभावप्रती पनि हाम्रो चिन्ता पुनस्मरण गराउन चहान्छौ। यसबाहेक अन्तरर्राष्ट्रिय मापदन्ड अनुरुप नभएको बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन प्रति पनि हाम्रो चिन्ता पुन व्यक्त गर्दछौं, विशेषत, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको मानव अधिकारको उल्लङ्घन र अन्तरर्राष्ट्रिय मानविय कनुनको गम्भिर उल्लङ्घनको घटनामा आममाफी सिफारिश गर्न पाउने अधिकार र पीडितको अनुरोध बिनानै मेलमिलाप सुरु गर्ने अधिकार का बारेमा।

नेपालमा संक्रमणकालिन न्यायिक पहलहरुको कार्यन्वयनमा भएको कमीप्रती पनि हाम्रो गम्भिर चिन्ता रहेको दोर्होयाउन चहान्छौ। लामो संक्रमणकालिन न्यायिक प्रकृया र पीडितहरुलाई उपलब्ध गराउने उपचार, यौन हिंसा तथा बलात्कारका पीडित महिलाहरुका लागि औषधी तथा मनोसामाजिक परामर्ष सहितको उपचारहरुको सुनिश्चिततामा ढिलाई र पीडित केन्द्रित दृष्टिकोणका लागि व्यापक छलफलको कमी अन्तरर्राष्ट्रिय मान्यताको विरुद्धमा मात्रै हुँदैन कि यसले द्वन्दका थुप्रै पीडित र तिनका आफन्तहरुलाई निराश र असुरक्षित गराउँछ भन्ने कुरामा हामी जोड दिन चहान्छौ।

हामी यहाँको सरकारको आयोगका कानुनको संशोधन गर्ने र संक्रमणकालिन न्यायको प्रकृया अगाडि बढाउने साथै गम्भिर मानव अधिकार उल्लङ्घनका घटनामा आममाफी नहुने प्रतिबद्धतालाई स्वागत गर्दछौं।

यसकारण हामी यहाँको सरकारलाई यथाशिघ्र अन्तरर्राष्ट्रिय मापदण्ड अनुरूप कार्यकाल बढाउन र सदस्यहरुको चयन गर्न ऐनको संशोधन गर्न आवह्वान गर्दछौं। यस्तो संशोधन प्रकृयामा पीडित, तिनका परिवार, नागरिक समाज र राष्ट्रिय मानव अधिकार आयोगसंग उपयुक्त छलफल गर्नुपर्दछ। हामीले

यहाँको सरकारलाई आयोगका सदस्यहरुको नियुक्तिमा स्पष्टता, निष्पक्षता र पारदर्शिता सुनिश्चित गर्न थप आवह्वान गर्दछौं ।

यसै मौकामा हामी यहाँको सरकारलाई सत्य, न्याय, परिपूरण र फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदक र जबर्जस्ती बेपत्ता सम्बन्धी कार्यसमूहको बाँकी भ्रमण अनुरोधको सम्झना गराउन चाहन्छौं । हामी चाँडै यहाँको निमन्त्रणा पाउने आशा गर्दछौं ।

मथिका कथित तथ्य र चिन्ताको सम्बन्धमा, हामी माथि उल्लेख गरिएको स्थितिमा उल्लेखित मुद्दामा लागू हुने प्रासंगिक अन्तरर्राष्ट्रिय मापदण्डहरू प्रति यहाँको  सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं।

बेपत्ता भएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका सदस्यहरुको चयनको सम्बन्धमा, दण्डहीनता विरुद्धका कार्यहरुद्वारा मानव अधिकारको सुरक्षा र सम्बर्धन गर्ने नवीनतम सिद्धान्तहरु (E/CN.4/2005/102/add.1) ले सत्य आयोग समेतका छनविन आयोगहरुको स्वतन्त्रता , निष्पक्षता र क्षमता सुनिश्चित गर्ने प्रकृयाहरु मार्फत स्थापित गर्नु पर्दछ र ती आयोगहरुको गठन मापदण्ड अनुसार गरी जनतलाई आफ्ना सदस्यहरुको क्षमता र निष्पक्षता मानव अधिकार र अवस्था अनुसार मानवीय कानुनको क्षेत्रमा सकृयाताको पनि जानकारी गराउनु पर्दछ भन्ने कुरामा जोड दिएको छ । आयोगलाई सदस्यता निर्धारण गर्दा महिलाहरु तथा अन्य उपयुक्त समुहहरुको, जसका सदस्यहरु विशेष गरी मानव अधिकार उल्लङ्घनको लागी जोखिममा हुन्छन्, समुचित प्रतिनिधि सुनिश्चित गर्नको लागि संयुक्त गरिएको प्रयासहरू गरिनुपर्दछ। (सिद्धान्त ७)

त्यस्तैगरी गैरन्ययायिक, संक्षिप्त र स्वेच्छाचारी हत्याको रोकथाम र अनुसन्धान सम्बन्धी सिद्दान्त, विशेषत: सिद्दान्त ११का अनुसार स्वतन्त्र आयोगका सदस्यहरुमा निष्पक्ष, क्षमतावान र स्वतन्त्रा व्यक्तिहरु छानिनुपर्दछ । विशेष गरी उनीहरु कुनै पनि संस्था, कार्यालय वा व्यक्तिसंग आबद्ध हुनुहुदैंन जो अनुसन्धानका विषय हुन सक्छन् । यी सिद्धान्तहरु अनुरूप आयोगसंग छानविनका लागि सबै जानकारी प्राप्त गर्ने र छानविन गर्ने अधिकार हुन्छ ।

सत्य, न्याय, परिपूरण तथा फेरी नदोहरिने प्रतिबद्धताका विशेष प्रतिवेदकले उल्लेख गर्नु भएको छ की सत्य आयोगहरुको आफ्नो शक्ति धेरै हदसम्म सदस्यहरुका नैतिक अख्तियारी र क्षमताबाट आउँछ । त्यसैले उनिहरुको राम्रो कामको राम्रा सदस्यहरुको चयन महत्वपूर्ण हुन्छ । (A/HRC/24/42, अनुच्छेद ५३ ) त्यसैले यसका लागी आयोगको स्वतन्त्रता, निष्पक्षता, विशेषज्ञता र वैधनिकता सुनिश्चित गर्ने पारदर्शी प्रकृया हुनुपर्दछ । जस्तै समाजका विभिन्न क्षेत्रका प्रतिनिधित्वको लागि केही ध्यान दिनुपर्दछ । विशेष प्रतिवेदकले सदस्यहरुको चयन स्पष्ट हुनुपर्ने जसमध्ये प्रतिष्ठाका साथै व्यबसायिकता, निष्ठता जस्ता विशेषज्ञता आधारभूत हुने कुरामा जोड दिनुभयो । (अनुच्छेद १०३)

सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षमादान सिफारिश गर्न पाउने अधिकारको सम्बन्धमा हामी फेब्रुअरी २०१५ को निर्णय स्मरण गर्न चाहन्छौं जसले बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको धारा २६ अन्तर्गतको सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षमादान प्रदान गर्न पाउने अधिकारलाई असंवैधानिक ठहयाएको थियो र अन्तरर्राष्ट्रिय मान्यता अनुसार सो ऐनको संशोधन गर्न आदेश दिएको थियो । हामी यहाँको सरकारको यस फैसलाको पालना गर्ने प्रतिबद्धतालाई स्वागत गर्दछौं ।

हामी यो पनि थप्न चाहन्छौं की अन्तरर्राष्ट्रिय कानुनले क्षमादानको अंगिकरणलाई सिमीत गर्दछ किनकि यसले दण्डहिनतालाई बढावा दिने र राज्यहरुलाई आफ्नो अन्तरर्राष्ट्रिय दायित्व बहन गर्नबाट र मानव अधिकार उल्लङ्घनकर्ताहरुको अनुसन्धान र अभियोजन गर्नबाट रोक्छ । विशेष रुपमा, यातना, गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, नरसंहार लगायत अन्य मानव अधिकारको गम्भिर उल्लङ्घन अपराधहरुमा क्षमादान असंगत छ।

मानव अधिकार समितिले मानव अधिकारको गम्भिर उल्लङ्घन गर्ने व्यक्तिहरुको कानुनी जिम्मेवारी स्थापित गर्न सबै बाधाहरु हटाउनुपर्छ भन्ने निर्णय गरेको छ । यसको सामान्य टिप्पणी ३१ मा समितिले जहाँ यातना , संक्षिप्त र स्वेछाचरी ढंगले जीवनहरण गर्ने र जबर्जस्ती बेपत्ता पार्ने जस्ता मुद्दामा सार्वजनिक पदधारी र राज्यका एजेन्टहरुले गरेको देखिएमा सम्बद्ध राष्ट्रहरुले यस्ता अपराधीहरुलाई

क्षमादान वा पुराना सुरक्षाका कारण उनीहरुको व्यक्तिगत कनुनी जिम्मेवारीबाट उन्मुक्ति दिन सक्दैनन भन्ने कुरा स्थापित गरेको छ । (परिच्छेद १८)

यस्ता उल्लङ्घनहरुमा क्षमादान दिनाले केही व्यक्तिहरु कानुनभन्दा माथि छन् भन्ने सन्देश नेपाली समाजमा पुर्याउँछ । वास्तवमै, निश्चित रूपमा भविष्यमा पनि राज्यले अन्तरर्राष्ट्रिय अपराधहरुका घटनालाई स्विकृती दिए सरह हुन्छ ।

मानव अधिकारका गम्भिर उल्लङ्घन र अन्तरर्राष्ट्रिय कनुनको जघन्य उल्लङ्घनका मुद्दामा क्षमादान दिइनु कानुनी शासन भएको समाजको हिस्सा हुन सक्दैना। दण्डहिनताको अन्त्य गर्नु र त्यसका गम्भिर उल्लङ्घनका दोषीलाई जिम्मेवार ठहयाउन राज्यको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ । मानव अधिकार समितीले त्यस्ता उल्लङ्घनका दोषीहरुलाई अनुसन्धान नगर्नु र कारवाही नगर्नु आफैमा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अभीसन्धी, जसलाई नेपालले १४ मी १९९१मा अनुमदोन गरेको थियो, को उल्लङ्घन हुन जान्छ भन्ने दृषटिवत गरेको छ । यस्तो असफलताले दण्डहिनता श्रृजना गर्दछ जसले अन्य पछील्ला घटनामा अपराध दोहोर्याउन प्रोत्साहन दिन्छ । (साधारण टिप्पणी ३१, अभीसन्धिका पक्ष राष्ट्रहरु माथीको साधारण कानुनी दायित्वको प्रकृती, परिच्छेद १५ )

विशेषत: बेपत्ताहरुका सम्बन्धमा, बेपत्ता पारीएका सम्पूर्ण व्यक्तिहरुको सुरक्षा सम्बन्धी घोषणापत्र अनुसार  बेपत्ता पार्ने अपराध गर्ने अपराधी वा आरोपीलाई अपराधको कार्यविधी वा सजायबाट कुनै पनि प्रकारको विशेष क्षमादान वा सोही प्रकारको छुटबाट लाभान्वित गर्न मिल्दैन भन्ने स्मरण गराउन चाहन्छौं ।

हामी यहाँको सरकारको गम्भिर मानव अधिकार उल्लङ्घनमा आममाफी नदिने घोषणालाई स्वागत गर्दछौं र सो सिद्धान्तको आदर गर्न आग्रह गर्दछौँ।

सत्य निरूपण आयोगले पीडितको अनुरोध बिनानै मेलमिलाप प्रकृया सुरु गर्न पाउने सम्बन्धमा, हामी राय दिन चाहन्छौँ कि मेलमिलाप भनेको न्याय, सत्य, पुर्नस्थापना र फेरी नदोहरिने प्रतिबद्धता लगायत

अन्य प्रकृया बिनानै पछी लाग्न मिल्ने परिणाम हो भनेर बुझ्नु हुदैंन । (A/ HRC/ 21/46) मेलमिलाप सामाजिक स्तरमा एक एक जनाको भेट होइन( यदी अनुरोध नगरिएको भए झनै होइन (बरु यस्ता संस्थाको स्थापना गर्नु हो जो विश्वासयोग्य हुन्छन र जस्ले साँच्चै विचार गर्छन् कि पीडित लगायत अरु सबै पनि अधिकार धारक हुन्। ( A/HRC/24/42 परिच्छेद ४९)

सत्य, न्याय, परिपूरण र फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदकले आफ्नो रिपोर्टमा मेलमिलापको प्रकृयालाई व्यक्तिगत क्षमादान प्रकृयामा “संकिर्ण“ गर्न  नहुने कुरामा जोड दिनु भएको छ । मानव अधिकारको गम्भिर उल्लङ्घन र मानवीय कनुनको जघन्य उल्लङ्घन पीडितको अधिकारको हनन मात्रै नभएर कानुनी शासनको सिद्धान्तका विपरित पनि हुन्छ । यदी दबाव र नियमित शाररिक असुरक्षाको अवस्थामा गरिएका व्यक्तिगत सम्झौताहरु यस्ता उल्लङ्घनको आयाम र संरचनात्मक आयामलाई सम्बोधन गर्न असफल हुन्छन् । ( A/HRC/24/42 परिच्छेद ४९)

पीडित र साक्षीहरुको सहभागीता बढाउन र उनीहरुको सुरक्षाको सुनिश्चितताको सम्बन्धमा हामी नवीनतम सिद्धान्तहरुको सिद्धान्त ६ स्मरण गर्न चाहन्छौं जस अनुसार [...] सत्य आयोग गठन गर्ने, यसका शर्तहरु परिभाषित गर्ने र संरचना निर्धारण गर्ने निर्णयमा व्यापक सार्वजनिक परामर्श, पीडितहरु र प्रभावितहरुसँगको विचारको खोजी गरिएको हुनुपर्छ ।

हामी यो पनि थप्न चाहन्छौं की विशेष प्रतिवेदकको रिपोर्टले संक्रमणकालिन न्याय प्रकृयाका पीडितहरुको सहभागीताका बारेमा बिस्तृत रुपमा सम्बोधन गर्दछ । प्रतिवेदकले संक्रमणकालिन न्यायमा पीडितहरुको अपरिहार्य योगदानहरुको उदाहरण दिनुभएको छ र त्यस्ता सहभागिताले पीडितको सुरक्षामा खतरा, सामाजिक जोखिम, आर्थिक लागत र पुनआघत लगायत अन्य खतरा हुनसक्ने चेतावनी दिनु भएको छ जसलाई उचित रुपमा सम्बोधन गर्नु पर्दछ ।

संक्रमणकालिन न्यायमा पीडितहरुको सहभागीता केन्द्रिय रहन्छ । प्रथमत: प्रमुख कारण पीडितहरुले भएको जानकारीलाई गुणस्तरीय बनाउन योगदान दिन सक्छन जसका आधारमा संक्रमणकालिन न्यायको योजना बनाउन, सन्चालन र अनुगमन गर्न सकिन्छ । पीडितहरुसंग जुन संस्थाले उनीहरुको

अधिकार सुनिश्चित गर्नुपर्ने तिनै असफल बनेका परीप्रेक्षको विशेष दृष्टिकोण मात्रै हुँदैन कि सत्य, फौजदारी न्याय, परिपुरण र फेरी नदोहरिने सुनिश्चितताको प्रभावकारी निवारण पनि हुन्छ । दोस्रो, वैधानिक्ताका कारण, जसले स्मरण गराउँछ की सहभागीताले पीडितहरुलाई आफु पीडित भएको कारण मात्रै हैन की अधिकारधारकका रुपमा पनि पहिचान दिलाउँछ, यसले पीडितहरुलाई दृष्टिगत गराउँछ र उनीहरुलाई प्राय नकारीएका सार्वजनिक क्षेत्रमा ठाउँ दिलाउँछ । सहभागिताको समान प्रभावले समान अनुभवको पहिचान, विभिन्न प्रकारका पीडितहरुका साथै पीडित र गैर पीडितका बीचको मान्यता र सिद्धान्तहरुको पहिचान गर्न सुविधा प्रदान गर्छ, जुन संक्रमणकालिन न्यायका नितिहरुका लागि सहमिलन र सहमतीका महत्त्वपूर्ण हुन्छ। र अन्त्यमा, पीडितको सहभागिताललाई स्मरण गराउँछ की संक्रमणकालिन न्याय सम्बन्धी छलफल प्राविधिक विषय मात्रै नभएर मुख्यतः मानिसहरु, उनीहरुको सम्मान र अधिकार  पनि हो ।

मानव अधिकार परिषद्ले हामीलाई प्रदान गरेको जनादेश अन्तर्गत हाम्रो ध्यानमा ल्याइएका सम्पूर्ण मुद्दाहरुमा स्पष्टिकरण खोज्नु हाम्रो जिम्मेवारी हो। हामी निम्न कुराहरुमा यहाँको विचारनका लागि आभारी हुनेछौँ।

१. कृपया प्रदान गरिएको जानकारीमा तपाईंको कुनै अतिरिक्त थप जानकारी र र वा टिप्पणी छ भने त्यो प्रदान गराइदिनु होला ।

२.  कृपया अन्तरर्राष्ट्रिय मानक र मापदण्डहरू अनुरूप नेपालको कानुनी व्यवस्था ल्याउनका, विशेष गरी बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधनको सन्दर्भमा, यहाँको सरकारले गरेको वा गर्ने मनशाय राखेका उपायहरूबारे जानकारी प्रदान गराइदिनु होला ।

३. कृपया  सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अधिकार र कर्तव्यहरुको  प्रभावकारीता र कार्यान्वयन बढाउनका लागि  यहाँको सरकारले गरेको वा गर्ने मनशाय राखेको उपायहरूबारे जानकारी प्रदान गराइदिनु होला ।

४. कृपया संक्रमणकालिन न्यायको योजना र कार्यन्वयनमा पीडितहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्नका लागि यहाँको सरकारले गरेको वा गर्ने मनशाय राखेका उपायहरूबारे जानकारी प्रदान गराइदिनु होला ।

विचाराधीन र भर्खरै पारीत कानुन, नियम वा नीतीहरुमा टिप्पणीको रूपमा यो पत्र र यहाँको सरकारको तर्फबाट प्राप्त हुने कुनै पनि प्रतिकृया ४८ घण्टा भित्र संचार रिपोर्टिङको वेवसाइटबाट सार्वजनिक गरिने छ । मानव अधिकार परिषदको पछील्ला साधारण रिपोर्टहरुमा प्रस्तूत गरिने छ।

हामी निकट भविष्यमा पनि सार्वजनिक रूपमा हाम्रा चिन्ता व्यक्त गर्न सक्छौं किनकी हाम्रो धारणामा जुन जानकारीका आधारमा प्रेस विज्ञप्ती जारी हुनेछ त्यो विषयले तत्काल सम्बोधन गर्नुपर्ने कुराको संकेत गर्दछ । जनताहरुलाई माथि उल्लेखित आरोपहरुका विषयमा सतर्क गराइनु पर्दछ भन्ने कुरा पनि हामी विश्वास गर्दछौं । प्रेस विज्ञाप्तिले यो पनि जनाउने छ की हामी यी प्रश्नमा रहेको मुद्दाहरुको स्पष्टिकरणका लागि यहाँको सरकारको सम्पर्कमा छौँ।

कृपया हाम्रो उच्चतम ध्यानको आश्वासन सहित यो महामहिमले स्विकार गर्नुहोस् ।

बेर्नार्ड डुहाइमे

जबर्जस्ती बेपत्तासम्बन्धी कार्यसमूहका प्रमुख प्रतिवेदक

अग्नेस क्यालामार्ड

गैर न्यायिक, संक्षिप्त र स्वेछाचारी हत्या सम्बन्धी विशेष प्रतिवेदक

निल्स मेल्जेर

यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड सम्बन्धी विशेष प्रतिवेदक

फाविएन सल्भिओली

सत्य, न्याय, परिपूरण र फेरी नदोहरिने प्रतिबद्धता सम्बन्धी विशेष प्रतिवेदक

दुब्राभ्का सिमोनोभिच

महिला विरूद्धको हिंसा, यसका कारण र परिणाम सम्बन्धी विशेष प्रतिवेदक